# ७ जिब्रोलाई वशमा राख्नु

*<u>यस अध्यायका मूल पदहरू</u>*: याकूब ३:१-१२, व्यवस्था ६:६,७, लूका ९:५१-५६, हितिपदेश १६:२७, मत्ती ७:१६-१८।

**स्मरण गर्नुपर्ने पदः "तिम्रै बोलीवचनद्वारा तिमी दोषी वा निर्दोष ठहरिने छौ।" (मत्ती १२:३७ रूपान्तरित)।**

शब्द, बोलीवचनले महान् शक्ति सम्हालेको हुन्छ। "उचित समयमा उचित बोली" भनेर राजा सोलोमनले हितोपदेश २५:११मा आफ्नो मनतव्य कोरेका छन्। प्रशंसा, तारिफ, कविता, कथाहरू आदिले मानिसको जीवनमा गहिरो र लामो समयसम्म प्रभाव पार्न सक्छ। हामी जे भन्छौं त्यसले हामीहरूको दिन र वर्षहरूलाई पनि असर पारि राख्न सक्छ। बालबालिकाहरूको दिमाग स्पन्ज जस्तै हुन्छ। जे सुन्छ तिनीहरूले त्यसलाई सोचेर राख्न सक्छ। त्यसकारण जुन भाषा सुनेर तिनीहरू हुर्कन्छन् त्यो भाषा बोल्न तिनीहरू निपुण हुन्छन्। आफ्नो बारेमा तिनीहरूले सुनेको कुराले तिनीहरूको भविष्यलाई पनि प्रभाव पार्न सक्छ। अझ भन्ने हो भने तिनीहरूको भविष्यको सफलता र असफलता तिनीहरूको बारेमा बालककालमै मूल्याङ्कन गरेको सुनेको भरमा हुनसक्छ। चाहे असल होस्, चाहे खराब होस्, आमाबाबुले आफ्ना बालबालिकाहरूलाई बोलेको वचन तिनीहरूको दिमागमा चर्को स्वर भएर बसिरहेको हुन्छ र बेला बेलामा तिनीहरूले त्यसको यादले कि त घोचिरहेको हुन्छ कि त उत्साहित पारिरहेको हुन्छ।

बोलेको वचन भन्दा लेखेको वचन झन शक्तिशाली हुन्छ। कलमको लेखले वर्षौंसम्म प्रभाव पारेको हुन्छ। मानिसको बोली वचन वा लेख पनि युग अनुसार बिलाएर जान सक्छ तर मानिसको वचन वा लेख भन्दा अझ धेरै शक्तिशाली त परमेश्वरको वचन हो। परमेश्वरको वचनको बारेमा दाउदले कोरेका शब्दहरू सोच्नुहोस्: "तपाईंको वचन मेरा पाऊको निम्ति बत्ती र मेरो बाटोको निम्ति ज्योति हो" (भजन ११९:१०५ रूपान्तरित) र "तपाईंको विरुद्धमा  पाप नगरूँ भनेर मैले

तपाईंका वचनहरूलाई मेरो हृदयमा लुकाइ राखेको छु।" (भजन ११९:११ रूपान्तरित)। झणिक फाइदा भन्दा महत्त्वपूर्ण कुराहरूमा ध्यान देऊ भनेर येशूले आफ्ना चेलाहरूको ध्यान खिँच्नुभएको थियो "जुन वचनहरू तिमीहरूलाई बोल्दछु तिनीहरू आत्मिक वचनहरू हुन् र तिनीहरू जीवन हुन्।" (यूहन्ना ६:६३ रूपान्तरित)।

बोलीवचनले मानिसलाई उचाल्दछ र थचार्दछ। तिनीहरू अमृत पनि हुन सक्छ विष पनि हुन सक्छ। कतिपटक तपाईंले केही बोल्दा नबोली पनि हुन्थ्यो भनेर तपाईंले पछुताव गर्नुभएको थियो?

येशूभक्तले बोल्नुपर्ने बोली वचन कतिको महत्त्वपूर्ण हुनसक्छ भन्ने विषयलाई समेटेर यस अध्याय तयार पारिएको छ। मानिसका वचनहरू कतिको प्रभावकारी हुन्दो रहेछ भनेर याकूबले कोरेका केही वचनहरूलाई यस अध्यायमा हामीले सिहाँवलोकन गर्नेछौं।

## १. जवाफदेहिता (याकूब ३:१)

**हामीहरूले बोलेको बोलीवचन वा सिकाएको कुराले हामीलाई समात्दछ भनेर याकूबले याकूब ३:१मा कसरी भन्दछन्, हेर्नुहोस्: "भाइ हो, तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ। किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको न्याय अझ कठोर रूपले हुनेछ।"**

विशेष गरेर चर्च र स्कुलका शिक्षकहरूको ठूलो गहन जिम्मेवारी हुन्छ। तिनीहरूले सिकाएका कुराहरूले मानिसका दिमाग र हृदयमा वर्षौंसम्म प्रभाव पारिरहेको हुन्छ। जति हामीलाई थाहा हुन्छ त्यति अरूलाई भन्न र सिकाउन जिम्मेवारी हामीले बोकेका हुन्छौं। (हामीले ज्ञानलाई लुकाउन ज्ञान हासिल गर्दैनौं। लुकिएको ज्ञान अर्थहिन हुन्छ)।

बेलायतको क्राम्ब्रिज भन्ने ठाउँमा टिन्डेल हाउस पुस्तकालय छ। उक्त पुस्तकालायको ढोकामाथि एउटा कलात्मक टुक्रा छ। त्यस पुस्तकालयभित्र पस्नु भन्दा अघि सबैले देखुन् भनेर एउटा उद्गार लेखिएको छः "परमेश्वरको भय मान्नु नै ज्ञानबुद्धिको सुरुवात हो।" (हितोपदेश ९:१०)। सारा ज्ञानबुद्धिको भन्दार मानिस होइन तर परमेश्वर हुनुहुन्छ। सच्चा ज्ञानको मापतौल मानिसको चतुऱ्याइमा होइन। सच्चा शिक्षा परमेश्वरबाटै सुरू हुन्छ र उहाँबाट नै अन्त

हुन्छ। यो खेदपूर्ण तथ्य हो कि जब मानिसमा ज्ञान बद्छ तब परमेश्वरमाथि भर पर्ने तिनीहरूको स्वभाव विर्सन थाल्छ। विज्ञानसँग परमेश्वरको सरोकार छैन भनेर कतिपयले सिकाउँछन्। धर्मगुरू वा धर्मका विद्वानहरूले पनि तिनीहरूको कामको निम्ति जस लिन परमेश्वरलाई भन्दा आफूहरूको मान र सम्मान खोज्दछन्। कतिपय तिनीहरूको सिकाउने उपायहरूमा विश्वासको निम्ति अलिकती पनि ठाउँ नदिएको पाइएको हुन्छ। त्यसको फलस्वरुप अरू शिक्षक र विद्यार्थीहरूको दिमागबाट परमेश्वरमाथिको आस्था निचोर्दै बाहिरिन थालेको हुन्छ। यदि अनन्त जीवनको बारेमा दिमागमा राख्न सक्यौं भने शिक्षक र विद्यार्थीहरूको निम्ति सिकेका कुराहरू अर्थपूर्ण र महत्त्वपूर्ण हुन सक्छ।

आफूले जान्नुपर्ने विद्या र अरूलाई सिकाउनुपर्ने विद्याप्रति आफू कतिको जिम्मेवारी भएको महसूस पावलले गरेका छन्। त्यसैकारणले उनले चर्चमा अगुवाहरूलाई नियुक्त गरि तालिम दिएका थिए (प्रेरित १४:२३, तितस १:५)। कतिपय काँचो र मानिसलाई छल गर्ने बुद्धिहिन गोठालाहरूले चर्चमा बिगिबिगि मचाउँछन् भनेर परमेश्वरका जनहरूलाई तिनीहरूबाट सुरक्षित राख्नु भनेर पावलले तिमोथीलाई निर्देशन दिएका थिए (१ तिमोथी १:३-७, १ तिमोथी ३:२-६,१ तिमोथी ६:२-५, २ तिमोथी २:१४,१५)। त्यसता खालका मानिसहरू जहिले पनि सिकिरहन्छन् तर परमेश्वरको सत्य आत्मज्ञान जान्न असक्षम् भइरहन्छ (२ तिमोथी ३:७ रूपान्तरित)।

आफ्ना बालबच्चाहरूलाई सिकाउने ठूलो जिम्मेवारी बाबुआमाको झन हुन्छ। अनि बालबालिकाहरूले अरूलाई आफूले सिकेका कुराहरूबाट प्रभाव पार्दछन्। हामीहरूको चालामालाले हामीहरूको वरिपरि रहेकाहरूकाहरूलाई प्रभाव पार्दछन्। कतिपयले हामीहरूको देखासिकि गरेका हुन्छन्। याकूब १:५मा लेखिएको छ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ।" हामीलाई चाहिने बुद्धिज्ञान परमेश्वरले दिन्छु भनेर कबूल गर्नुभएको छ। त्यसलाई पाउन हामी इच्छुक हुन जरुरी छ। उहाँको ज्ञानले हामीलाई उहाँको मार्गमा चल्न सरिक गराउँछन् अनि अरूको

निम्ति अनुकरणीय उदाहरण बन्न सक्षम् बन्छौं। कोही मानिस पनि टापु नभएकोले हामी सबैले कुनै न कुनैलाई कि त असल कि त खराब प्रभाव पारी रहेका हुन्छौं।

**सकारात्मकरूपमा तपाईंलाई प्रभाव पारेका मानिसहरूको बारेमा सोच्नुहोस्। तिनीहरूले तपाईंलाई कसरी प्रभाव पारे? अझ महत्त्वपूर्ण त, त्यस्तै खालको प्रभाव तपाईंले पनि अरूलाई कसरी पार्न सक्नुहुन्छ?**

"हामी सबै भुल गर्दछौं" (याकूब ३:२ रूपान्तरित)। याकूबले इमान्दारितासाथ आफ्नो मानव कमजोरीलाई स्वीकार्दछन्। असल आचरण तथा सबैको सामु अनुकरणीय उदाहरण बन्न अनुरोध गर्दा गर्दै पनि मानव कमजोरीलाई उनले लुकाउन चाहेको देखिन्दैन। यद्यपि, मानव कमजोरीलाई स्वीकार गरेतापनि हामीप्रति परमेश्वरको आदर्श चाहनालाई ओझेलोमा पार्नुहुन्न। हामी यस संसारमा परमेश्वरको प्रतिनिधी भएर चल्ने अवसर पाएको परिप्रेक्ष्यमा हामीहरूले हामीहरूको कमजोरी होइन तर परमेश्वरको चरित्रलाई दृष्टिगत गरि चल्नुपर्दछ।

"कोही मानिस आफ्नो बोलीमा कहिले पनि चुकेनन् भने त्यो मानिस सिद्ध कहलाइनेछ। त्यस मानिसले आफ्नो पूरा शरीरलाई पनि आफ्नो बसमा राख्न सक्छ।" (याकूब ३:२ रूपान्तरित)। ग्रीक भापामा त्यो वाक्य अझ कडा शब्दमा लेखिएको पाइन्छ। गलत शब्दहरू प्रयोग नगर्न सम्भब छ भनेर ग्रीकमा वाख्या गरिएको छ। कुन समयमा कुन उपयुक्त बोली बोल्ने हो त्यो अत्यन्त उचित आचरण हो। मानिसले दिमागमा के खेलाउँछ त्यसलाई चरितार्थ गर्न भित्री दिमागमै शब्दहरू रचिरहेका हुन्छन्। अनि दिमागमै ती शब्दहरू क्रियाशील हुन थाल्दछन्। हामीहरूको सोचलाई समर्थन गर्न विभिन्न शब्दहरूको ओइरो लाग्दछन्। जब सतर्क नअपाइ कोही झट्ट बोल्छ वा बोल्नुपर्ने समयमा उचित वचन बोल्छ तब त्यसले हामीलाईमात्र होइन सुन्नेलाई पनि असर पार्दछ। मानिस मानिसको बीचमा हुने एक आपसी सम्बन्धलाई हामीहरूको बोलीवचनले बुनेको हुन्छ। जिब्रोको बल कतिको हुन सक्छ भनेर यस अध्यायका पदहरूले उदाहरणसहित खुलासा गरिएको छ। प्रथम् तीन चित्रणहरू उल्लेखनीय छन्। सानो

चिजले पनि ठूलो रूप लिन सक्छ भनेर उल्लेख गरिएको छ। घोडाको नाकमा छेडेर राखेको डोरीले त्यस घोडालाई कतातिर फर्काउने भनेर अऱ्हाउँछ, जहाज जहाजको सानो उपकरण अर्थात् रडरले जहाजलाई नियन्त्रणमा राखेर चलाउन सकिन्छ र एउटा सानो झिल्कोले सारा जङ्गल नै सखाप पार्न सक्छ।

बाइबलमा धेरै सकारात्मक यस्ता वचनहरू छन् जसले हाम्रो जीवनलाई अर्थपूर्ण बनाउन सघाउँछ। तिनीहरूमा केही पदहरू हेर्नुहोस्ः व्यवस्था ६:६,७ "मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर।", व्यवस्था २३:२३ "जे कुरा तिमीहरूको मुखबाट निस्कन्छ त्यो तिमीहरूले पूरा गर्नैपर्छ, किनकि परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले त्यो स्वेच्छापूर्वक आफ्नै मुखले भाकल गरेको हो।", भजन ४०:३ "उहाँले मेरा ओठमा एउटा नयाँ गीत राखिदिनुभयो, हाम्रा परमेश्वरका प्रशंसाको एउटा गीत। धेरैले यो देख्नेछन् र डराउनेछन् वा परमेश्वरमाथि श्रद्धा राख्ने छन्, र परमप्रभुमा भरोसा राख्नेछन्।", हितोपदेश १०:२०,२१ "धर्मात्माको जिब्रो निखुर चाँदी हो, तर दुष्टको हृदय भने बेकामको हुन्छ। २१ धर्मीका ओठले धेरैलाई तृप्त गराउँछन्, तर बुद्धिको अभावले नै मूर्खहरू मर्छन्।", हितोपदेश १२:२५ "चिन्तित हृदयले मानिसलाई कमजोर तुल्याउँछ, तर दयालु वचनले त्यसलाई हर्षित तुल्याउँछ।", मलाकी २:६,७ "सत्यको शिक्षा त्यसको मुखमा नै थियो, र त्यसका ओठमा कुनै झूटो कुरा पाइएन। शान्ति र सोझोपनमा त्यो मसँगै हिँड्यो, र धेरैलाई त्यसले पापबाट फर्कायो। ७ "किनकि पूजाहारीका ओठले ज्ञानको रक्षा गर्नुपर्दछ, र मानिसहरूले त्यसको मुखबाट शिक्षा खोज्नुपर्दछ, किनभने त्यो सर्वशक्तिमान् परमप्रभुको समाचारवाहक हो।", लूका ४:२२ "सबैले उहाँको सराहना गरे, र उहाँको मुखबाट निस्केका कृपापूर्ण वचनमा छक्क परे, र तिनीहरूले भने, "यिनी योसेफका छोरा होइनन् र?" र रोमी १०:६-८ " विश्वासमाथि आधारित भएको धार्मिकताले यसो भन्छ, "मन-मनमा यसो नभन, 'स्वर्गमा को उक्लने?' (अर्थात् ख्रीष्टलाई तल ल्याउनलाई), ७ वा आफ्नो मनमा यसो पनि नभन, 'पातालमा को ओर्लने?" ' (अर्थात् मरेकाहरूबाट

**ख्रीष्टलाई माथि ल्याउनलाई)। ८ तर यसले के भन्छ? "वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा," अर्थात् विश्वासको वचन, जो हामी प्रचार गर्दछौं।"**

साना बालबालिकाहरूले जे सिक्छन् ती तिनीहरूले सम्झिराख्छन्। तर तिनीहरू हुर्कन्दै गर्छन् तब तिनीहरूको दिमाग रूखको जरा जस्तो बलियो र कडा हुन्छै जान्छ र बढ्दै जाँदा बदलिंदो परिस्थितिप्रति विरोधाभास हुँदै जान्छ। हामी चाहे घरमा हौं वा चर्चमा वा स्कुलमा, हामी सबै जना कुनै न कुनै प्रकारले शिक्षकको भूमिका खेलिरहेका हुन्छौं। हामीहरूको बोलीवचनमा बल हुन्छ। त्यसैकारण दिनदिनै हामीहरूको बिचारलाई परमेश्वरको वचनले नुहाइ दिनुपर्छ। हामीहरूको दिमागको खाना के हो त? कि त परमेश्वरको वचन कि त अरू नै श्रोत। परमेश्वरको वचनले मानिसलाई भारी परिवर्तन ल्याउन सक्ने शक्तिलाई न्युन ठान्नुहुन्न (भजन ३३:६सँग २ कोरन्थी ४:६ तुलना गर्नुहोस्)।

नकारात्मक बोलीवचन तरवार जस्तो धारिलो हुन सक्छ। केवल केही कुवाक्यले मानिसलाई ठूलो चोत पुऱ्याउन सक्छ। सुन्ने मानिसले त्यो वचन हृदयमा कहिलै पनि नबिर्सने गरेर गाभीरहन सक्छ। तर सकारात्मक र मिठो बोलीले मानिसलाई कहिलै नबिर्सने गरेर उचाली दिन सक्छ।

**तपाईंको हातमा बम छ भने त्यसलाई तपाईंले कसरी सम्हाल्नुहुन्छ? तर तपाईंको जिब्रोमा बम भन्दापनि शक्तिशाली तत्व छ, त्यसलाई तपाईंले कसरी सम्हाली राख्नुभएको छ?**

## ३ "मसिना" वस्तुहरू भयानक हुनसक्छ (याकूब ३:३-५)

ठूलो शरीरभित्र लुकेर बसेको सानो जिब्रोको चाल कस्तो हुन्छ भनेर याकूबले दुई साधारण उदाहरणसहित प्रस्तुत गरेका छन्। हेर्नुहोस् याकूब ३:३-५ "यदि घोडाहरूलाई वशमा राख्नलाई तिनीहरूका मुखमा लगाम लगायौं भने तिनीहरूका सारा शरीरलाई जता मन पऱ्यो त्यतै लान सक्छौं। ४ हेर त, जहाजहरू जो तेज हावाले चल्दछन्, ती ठूला-ठूला भए तापनि एउटा सानो पतवारद्वारा कर्णधारले आफ्नो इच्छाअनुसार जता मन पऱ्यो त्यतै लान्छ। ५ त्यस्तै जिब्रो पनि एउटा

सानो अङ्ग भएर ठूला-ठूला कुराको अभिमान गर्दछ। हेर, एउटा सानो आगोको झिल्काले ठूलो वन पनि स्वाहा पार्दछ।"

घोडाको मुखमा लगाउने लगाम र जहाजलाई नियन्त्रण गर्ने रडर अर्थात् सानो पतवारले तिनीहरूको आकारभन्दा ठूलो वस्तुलाई नियन्त्रण गर्दछ। मानिसको हातले अलिकतीमात्र चलायो भने घोडाको जाने दिशा परिवर्तन गर्न सक्छ। त्यसरी नै सानो रडरलाई चलाउँदा बढे बढे जहाजहरूलाई फर्काएर पूर्णरूपमा अर्को दिशातिर लान सक्छ। त्यसरी नै जिब्रो शरीरको एउटा सानो अङ्ग हो तर यसले ठूलो ठूलो कुरा गरेर फाइफुट्टी लगाउन सक्छ (पद ५ रूपान्तरित)। त्यसको अर्थ हामीहरूको शब्द वा हाऊभाऊ सानो हुनसक्छ। तर ती दुवैले आफ्नो परममित्रलाई शत्रु बनाउन सक्छ वा खराब परिस्थितिलाई असल परिस्थितिमा ढाल्न सक्छ। हितोपदेश १५:१मा भन्दछ "मिठो बोलीले रिसलाई सम्हाल्छ। तर रुखो तथा तुच्छ बोलीले मानिसको रिसलाई उठाइ दिन्छ।" (रूपान्तरित)। गलत दिशामा घोडा रफ्तारमा डगुरिरहेको वा पानीमा बेगले जहाज तैरिरहेकोको बारेमा सोच्नुहोस्। जति बेगले तिनीहरू चल्छ त्यति तिनीहरू जानुपर्ने ठाउँबाट टाढा गलत दिशातिर गइरहेको हुन्छ। तिनीहरूलाई ठिक दिशातर्फ लैजान जतिसक्यो त्यति छिटो रोकेर ठिक दिशातर्फ मोड्नुपर्दछ। हामीहरूको वचनपनि त्यही हो। यदि कुराकानी गर्ने क्रममा चर्काचर्की हुन थाल्यो भन् जतिसक्यो त्यति छिटो बोल्न रोके उत्तम हुन्छ।

**लूका ९:५१-५६मा एउटा घट्ना उल्लेख गरिएको छ जसमा चेलाहरूको आवेग मनस्थितिलाई झल्काउँछ। त्यसलाई येशूले कसरी सम्हाल्नुभयो हेर्नुहोस्। यसबाट के हामीले पाठ सिक्न सक्दैनौं र? हेर्नुहोस् " उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो। ५२ अनि उहाँले समाचार लाने मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो। तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे। ५३ तर यरूशलेमतिर जाने उहाँको दृढ़ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन्। ५४ तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू**

**भस्म होऊन् भनी हामी आज्ञा गरौं?" तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। ५६ अनि उहाँहरू अर्को गाउँतिर जानुभयो।"**

स्वर्गबाट आगो वर्षाएर केही मानिसहरू नष्ट भएको उदाहरण पुरानो करारमा भएकोले त्यही अनुसार तिनीहरूले पनि येशूलाई हेप्नेहरूलाई के गर्ने भनेर उहाँसँग सुझाव मागेका थिए (२ राजा १:१०,११)। तर येशूले तिनीहरूको झोकी सुझावलाई मान्न तयार हुनुभएन। उहाँको हप्काइले त्यस परिस्थितिलाई भारीरूपमा परिवर्तन पारिदिएको थियो। सामरी गाउँमा तिनीहरू आएको मनपराएन भने अर्को गाउँमा तिनीहरू गएका थिए। सामरीहरूको गाउँमा येशूलाई सत्कार नगरेको अनुभव चेलाहरूको निम्ति सिक्नुपर्ने पाठ थियो। त्यसकारण हामीहरूको चाहना अनुसार कसैले वास्ता गरेन भने चर्को वादविवाद गरेर दिमागलाई तताउनुभन्दा अर्कै ठाउँमा जानु मनासिव हुन्छ भन्ने येशूको नीतिलाई हामीले अबलम्बन गर्नु जरुरी छ।

"जसरी थोपा थोपामा मिलेर नदी बन्छ त्यसरी नै सानोतिनो कुराहरूले हामीहरूको जीवन बन्छ। जीवन नदी जस्तो छ। त्यो शान्तमय, चुपचाप र रमाइलोसाथ बगिरहेको हुन्छ। तर त्यो नदी हलचल भएर बगियो भने त्यसले हिलो र फोहर फ्याँकिन सक्छ।"- एलेन जी ह्वाइट, दात आइ मे नो हिम, पृ. २०९बाट रूपान्तरित।

**हुनसक्छ तपाईंको जीवनमा कतिपय कुराहरू सानातिना जस्तो देखिएला। तर जब तपाईंले तिनीहरूलाई असली रूपमा सोच्नुभयो भने त्यो सानो नदेखिन सक्छ। तपाईको जीवनमा यस्तो केही छ भने ती के हुन्? र तिनीहरू यथार्थमा देखिनेभन्दा ठूलो र उल्लेखनीय किन हुनसक्छ?**

## ४ क्षति नियन्त्रण (याकूब ३:६)

हामी सबैले अनुभव गरिसकेका छौं। हामीहरूले केही सानो वचनले बिकराल रूप लिएको सबैलाई थाहा छ। तर हामीले बोल्दा त्यस्तो ठूलो हुन्छ भनेर थाहा भएको हुँदैन न त त्यस्तो होस् भनेर चाहेकै हुन्छौं। कहिलेकाहिं हामीले भनेका वचन यति ठूलो भएर जान्छ कि हामीले भनेकै होइन भन्ने स्थितिमा पुग्न सक्छौं। यस मामिलामा याकूबले व्यक्त गरेका भावना अत्यन्त उपयुक्त मान्नुपर्छ। उनले भनेका

छन्: “हेर त, एउटा सानो आगोको झिल्कोले ठूलो जङ्गल नै सखाप हुनसक्छ।" (याकूब ३:५ रूपान्तरित)।

**जिब्रो कस्तो बिनाशकारी हुनसक्छ भनेर याकूब ३:६मा याकूबले भनेका छन्। यो पद प्रार्थनापूर्वक र होशियारसाथ पढ्नुहोस्। जिब्रोले हामीलाई बिगार्न खप्पिस हुनसक्ने भएकोले हामीले बोल्नुभन्दा पहिले दुईचोटी किन सोच्नुपर्छ। हेर्नुहोस् जिब्रोले गर्न सक्ने चर्तिकला “जिब्रो पनि एउटा आगो नै हो। यो शरीरका अङ्गहरूमध्ये अधर्मको एउटा दुनियाँ नै हो। यसले सारा शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ र नरकको आगोमा त्यो जलाइ दिन सक्छ!"**

आगोलाई सकारात्मक प्रतिकको रूपमा लिँदा यसलाई शुद्ध गर्ने तत्वको रूपमा लिन सकिन्छ (यशैया ४:४, जकरिया १३:९)। तर प्रायजसो यसलाई सखाप पार्ने विध्वंस गर्ने तत्वको रूपमा लिइन्छ (यहोशू ६:२४, ११:९,११, १ सामूयल ३०:३, मत्ती ७:१९)। गलत शब्दहरू प्रयोग गर्दा धेरै हानी पुऱ्याउन सक्छ (हितोपदेश १६:२७, २६:२१)।

भयानक आगलागी सानो झिल्कोले मात्र सुरू गर्न सकिन्छ। त्यसले छिट्टै नाश पनि गर्न सक्छ। त्यसै गरि मानिसको मित्रता, वैवाहिक सम्बन्ध, इज्जतलाई सानो बोलीवचनले नाश गर्न सक्छ। जब सानो बालककै कानमा कटु वचन बोलिन्छ तब त्यसले उसको आत्मिक मूल्यलाई बिगार्न सक्दछ र उसको भावी भविष्यलाई नै तहसनहस पार्न सक्छ।

झट्ट हेर्दा चानचुन प्रश्नबाट नै यस संसारमा पापको सुरू भएको थियो (उत्पत्ति ३:१)। स्वर्गमा पनि त्यसरी नै सुरू भएको थियो। स्वर्गमा लुशिफरले परमेश्वरको शासनको खिलाफमा शङ्का फैलाएर विरोधको आगो सल्काएको थियो (एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३७बाट रूपान्तरित)। त्यसकारण जिब्रोलाई नर्को आगो सल्काइने तत्व भनेर सम्बोधन गर्दा अतिरङ्जित भएको नमानेपनि हुन्छ (याकूब ३:६ रूपान्तरित)। एक फेरा बोलेको बोली त्यो सदाको निम्ति गएको हुन्छ। हामीले बोलेको वचनलाई फेरि फिर्ता ल्याएर मुखभित्र राख्न सक्दैनौं। तर हामीहरूको भएभरको शक्तिले हामी र अरूलाई

क्षती पुऱ्याउने वचनलाई नियन्त्रण गर्नुपर्छ। हामीले बोलेको वचनमा केही त्रुटी भयो भने सकेसम्म तुरन्तै सच्याउनु पर्दछ। जे उचित छ त्यसमा चल्न कदम चाल्दा हामीहरूले गरिने भुललाई नदोहऱ्याउन सकिन्छ। जब राजा दाउदले परमेश्वरको निम्ति घर बनाउँछु भन्दा नेतानले हुन्छ तपाईँको मन अनुसार बनाउनुहोस् भनेर उनले राजाको मनलाई नै परमेश्वरको मन्दिर बनाउन सल्लाह दिएका थिए। तर पछि जब परमेश्वरले नेतानलाई दर्शनमा राजाको होइन परमेश्वरको चाहना अनुसार मन्दिर बनाउनु पर्छ भनेर परमेश्वरले बोल्नुभयो तब तुरन्तै गएर त्यो समाचार राजालाई सुनाइ दिएका थिए (२ राजा ७:१-१७)। येशूलाई चिन्दिँन भनेर पत्रुसले भनेका थिए तब जब उहाँको अनुहार उनले देखे र आफ्नो गल्तीको महसूस भयो तब उनी पछुताउ गरेर धुरूधुरू रोएका थिए। पछि उनले खुलारूपमा आफ्नो गल्तीबाट पश्चाताप गरेका थिए भनेर सार्वजनिक गरेका थिए (यूहन्ना २१:१५-१७)।

“कसैले पनि जिब्रोलाई सम्हाल्न सक्दैन" याकूबले याकूब ३:८मा भन्दछन्। तर जिब्रोलाई खराब कुरा गर्नबाट र ओठबाट फताहा कुरा निकाल्नबाट सम्हालेर राख भनेर हामीलाई चेतावनी दिएको छ (भजन ३४:१३)। हामीले आफ्नो जिब्रोलाई सम्हाल्न सक्दैनौं भने कसले सम्हाल्न सक्छ र? यदि हामीमा परमेश्वरको आत्मा छ भने उहाँले नै हामीहरूको बोलीवचनलाई सम्हाल्न सहायता गर्न सक्छ (एफिसी ४:२९-३२)।

**याकूब ३:६-८ पढ्नुहोस्। हामीले जे बोल्छौं त्यसमा सावधानी अपनाउनु पर्छ भनेर त्यहाँ व्यक्त गरेको वचनले कसरी देखाउँछ? हामीहरूको मुखमा भएको अङ्गलाई असल गर्न वा खराब नगर्न कसरी नियन्त्रणमा राख्ने? हेर्नुहोस्: “जिब्रो पनि एउटा आगो नै हो। यो शरीरका अङ्गहरूमध्ये अधर्मको एउटा दुनियाँ नै हो। यसले सारा शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ र नरकको आगोमा त्यो जल्छ! ६ हरेक किसिमका पशुपक्षी, घस्रने जन्तु र समुद्रका जीवजन्तुलाई तह लगाउन सकिन्छ, र ६ मानिस जातिबाट नै तह लगाइएको छ। ८ तर जिब्रोलाई कुनै**

मानिसले तह लाउन सक्दैन। घातक विषले भरिएको यो चञ्चल दुष्ट हो।"

## ५. शिष र श्राप (याकूब ३:९-१२)

याकूब ३:९-१२मा तिन वटा प्रतिकहरू उल्लेख गरेका छन्, ती हुन्: झर्ना, अञ्जिरको रूख र अङ्गुरको लहरा। तिनीहरूबाट के सतज्ञान हामी सिक्नसक्छौं, हेर्नुहोस्: "यसद्वारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौं, र यसैद्वारा परमेश्वरको स्वरूपमा बनेका मानिसहरूलाई हामी सराप्तछौं। १० एउटै मुखबाट आशीर्वाद र सराप निस्कन्छन्। मेरा भाइ हो, यसो नहुनुपर्ने हो। ११ के पानीको मूलको एउटै धाराबाट मीठो र तीतो पानी निस्कन्छ र? १२ मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतून अथवा दाखको बोटमा अञ्जीर फल्न सक्छ र? तीतो पानीको मूलबाट पनि मीठो पानी निस्कन सक्दैन।"

इसाई हुँ भनेर दाबी गर्नेको मुखबाट आशिषका वचनहरू र रिस उठाउने श्रापहरू पनि निस्कन्छन् भन्ने कुरा सोच्दा अपठ्यारो मान्नु स्वभाविकै हो। तर मुखको बोलीमा होशियार हुने मानिसले यदि हप्ताभरी यस्ता कार्यक्रमहरू टेलिभिजनमा हेर्दछन् जसमा अनेक किसिमका अपशब्दहरू बोलेका सुन्दछन् र शबाथमाचाहिँ परमेश्वरको वचन सुन्न चर्चमा आउँछन्, त्यस्तो व्यक्तिलाई हामीले के भन्ने? तर फेरि यस्तो व्यक्तिको बारेमा के भन्ने जसले येशूको बारेमा अचम्मका आत्मज्ञानहरू सुनाउँछन् तर साथीभाइहरूको बीचमा अश्लिल तथा फोहरी ठट्टाहरू बोलेको सुनेर मजा उठाउँछन्? यस्ता चित्रणहरू आत्मिक कदममा हिँडनेहरूको निम्ति बेचैन तुल्याउने हुनुपर्छ किनभने हामीलाई थाहा छ ती बानीहरू उचित छैन। असल हेर्न चाहने त्यही आँखाले खराब पनि हेरेर मन बहलाउने? त्यही मुखले परमेश्वरको प्रशंसा गर्नेले फोहरी ठट्टाहरू गर्ने वा अपशब्दहरू निकाल्ने? ती चित्रणहरू किन गलत देखिन्छ?

याकूबले पानीको फोहरा वा झर्नाको उदाहरणलाई प्रस्तुत गर्दछन्। कुन स्रोतबाट पानी आउँछ त्यो स्रोतमा पानीको गुण वा स्तर भरपर्छ। फल फल्ने रूख कहाँ गाडिएको छ र पानीको मुहान कस्तो छ त्यसमा फल्ने फल र आउने पानी भरपर्छ (मत्ती ७:१६-१८)।

त्यही अनुरुपले यदि हामीहरूको दिमाग र मनमा परमेश्वरको वचनले जरा गाडिएको छ भने हामीहरूको जीवनशैलीले पनि उहाँको स्वभावको प्रतिबिम्ब गर्दछ। यो आत्मज्ञानमा हामी परिपक्व हुनसक्यौं भने हामी इसाई हौं भनेर प्रमाण गर्ने जोज्ने भारबाट मुक्त हुँछौं। शुद्ध धर्म वा आत्मज्ञान यदि परमेश्वरमाथि जरा गाडिएको छ भने हामीहरूको जीवनले पनि स्वभावविकै रूपमा शुद्ध आचरण देखाउँछ। जसरी शुद्ध वा सफा पानी यदि असल स्रोतबाट आइरहन्छ भने त्यस पानीले आफ्नो सफा तथा शुद्धताको गुणलाई प्रमाणित गरिरहन पर्दैन।

"ए, त्यसो भए परमेश्वरको नजिकमा रहेका केही महापुरुषहरूको जीवनमा घटेका कुराहरूको भिडियो खिँच्यौं भने के भन्ने? जस्तै मोसाले रिसको झोँकमा मीश्रीलाई मारेको? परमेश्वरको आँखाको नानी भनेर कहलाइने राजा दाउदले विदेशी युराहकी श्रीमतीसँग खुरूक्क सुतेको आदि? त्यस्तो परिवेशमा तिनीहरूले परमेश्वरमाथिको विश्वास कस्तो रहेछ?" भनेर प्रश्न उठाउने मनासिव छैन त?

परमेश्वरको प्रवल चाहना छ कि हामीले पाप नगरौं (१ यूहन्ना २:१)। तर आदम र हव्वाले पाप गरेपछि मानिसको स्वभावमा पाप गर्ने नियत पसेको हुनाले जाना जानी वा अनजानमा पाप गरेतापनि यदि त्यसबाट परमेश्वरमा विश्वास राखेको कारणले फर्कन इमान्दारिता देखाइयो भने प्रतिज्ञा गरिएको बलीको आधारमा उसलाई क्षमा दिने प्रावधान बनाइएको छ (भजन ३२:१,२)। तर एउटा तथ्यचाहिँ रहिरहन्छः पापले मानिसलाई दिक्कपना वा दुःख ल्याउँछ भने परमेश्वरको वचन वा आज्ञाहरूलाई शिरोपर गरेर हिँडे आशिषको अनुभव भइरहनसक्छ। मोसाको पाप त क्षमा भयो तर मिश्रीको हत्या गरेको कारण चालिसवर्ष बनबास बस्नुपर्‍यो। राजकुमारको दर्जा लिएर बसेको मोसा जङ्गलबीचको गाउँमा भेँडा चराउने काममा खटिनुपर्‍यो जहाँ परमेश्वरले उनको झोँकी चरित्रलाई सुधार गर्न भेँडाहरूको चरित्र देखाएर सुधार्नुभयो। दाउदको मामिलामा पनि उसले आफ्नो प्रियसीबाट जन्माएको पहिलो पुत्रको देहान्त हेर्नुपर्‍यो र साथै उनी नमरुञ्जेल आफ्नो घर परिवार र राज्यको बिभाजनको दनक खपिरहनुपरेका थिए। हो, परमेश्वरले हामीहरूको पापलाई क्षमा त गर्नुहुन्छ। तर प्रायजसो हामीहरूले गर्ने पापको भयङ्कर परिणाम रहिरहेको पाउँछौं। त्यसले

हामीहरूलाई मात्र होइन हामीहरूको पापले अरूलाई पनि असर पारिरहन सक्छ। त्यसकारण हामीहरूको जीवनमा सधैं विजयी जीवन बिताइरहन किन प्रार्थना नगर्ने? परमेश्वरको उपस्थितिको अनुभव किन नगरिरहने? के त्यो क्षमा पाउनुभन्दा उचित छैन र? के क्षती पुगे पछि क्षतीलाई नियन्त्रण गर्नुभन्दा उत्तम छैन र?

## उपसंहारः

"व्यर्थहिन र मूर्ख बातचित गर्ने समूहमा आफू परियो भने सकेसम्म कुराकानीको विषयवस्तुलाई फेर्न कोशिश गर्नुपर्छ। परमेश्वरको अनुग्रहले कुराकानीको विषयवस्तुलाई हामीले शान्तस्वभावको साथ सकारात्मक विषयहरूतर्फ मोड्न खोज्नुपर्छ।

"हामीहरूको अनुभवका महत्त्वपूर्ण अध्यायको बारेमा बोल्नु आवश्यक छ। परमेश्वरको करुणा, प्रेमिलो क्रियाकलाप, सदाशयता र उद्धारकर्ता येशूको प्रेमको महानताको बारेमा बोल्न सिक्नुपर्छ। हामीहरूका वचनहरू प्रशंसायुक्त र परमेश्वरलाई सराहना गर्ने खालको हुनुपर्छ। यदि मन र दिमागमा परमेश्वरको प्रेमले भरिएको छ भने कुराकानीको दौरानमा ती सोचहरू बोलीबाट निस्किएको हुन्छ। हामीहरूको आत्मिक जीवनमा जे घुसिएको छ त्यसको बारेमा चर्चा गर्न असहज हुन्दैन। महान् सोचहरू, आदर्शमय आकाङ्क्षाहरू, सत्यको बारेमा स्पष्ट बौध्दिक ज्ञान, निश्वार्थ लक्ष्यहरू, पवित्र र शुद्ध रहने चाहनाहरू यदि हृदयमा तैरिरहेको छ भने बातचितको क्रममा तिनीहरू मुखबाट निस्कनेछ। त्यसले मानिसको मनको स्वभावलाई सार्वजनिक गर्नेछ। जब हामीहरूको बोलीवचनमा ख्रीष्टको उपस्थितिलाई दर्शाउँछ भने उहाँको निम्ति मानिसको मन जित्न सामर्थ्य पाउनेछ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. ३३७,३३८बाट रूपान्तरित।

## चिन्तनमननः

**अ. सोच्दै नसोची र छिट्टो शव्दहरू हामीहरूको मुखबाट फुट्ने बानी हामीहरू सबैको हो। कुनै विषयवस्तुको चर्चा गरिरहेकै बेलामा कतिपटक अपर्झत तिता शब्दहरू हामीहरूको मुखबाट निस्कन्छ। यो कुरा सत्य हो भनेर**

स्वीकार्न सक्यौं भने हामीले आफ्नो मुख खोल्नुभन्दा पहिले के बोल्नुपर्छ भनेर कसरी सिक्ने?

आ. तपाईंकै जीवनमा शब्दका शक्तिको बारेमा सोच्नुहोस्। यसलाई प्रयोगमा ल्याउन खोज्नुहोसः तपाईंको जीवनमा परमेश्वरले कस्तो कामहरू गर्नुभएको छ त्यसको बारेमा चर्चा गर्नुहोस्। उहाँले तपाईंलाई कसरी आशिष दिनुभयो र तपाईंको कष्टमा कसरी सहायता गर्नुभयो। केही दिनसम्म मात्र यो प्रक्रिया चाल्नुहोस्। अनि आफूलाई सोध्नुहोस्, यसले मेरो विश्वास र आस्थामा कसरी असर गरेको छ?

इ. तपाईंको मनमा के गुम्सिरहेको छ भनेर तपाईंको वचनले कसरी देखाउँछ? तपाईंले चाहेको भन्दा बेसी के त्यसले बताउँछ त? यदि तपाईंले दिनभरी गर्नु बोल्नुभएको बोलीवचनलाई रेकर्ड गरेर बेलुका त्यसलाई सुन्नुभयो भने त्यसले तपाईंको बारेमा के भन्छ??